# एशियन कंक्रीटो लिमिटेडको साधारण शेयर निष्काशन सम्बन्धी निष्काशन तथा बिक्री प्रबन्धकसंग गरिएको सम्झौता २०८१

कम्पनी ऐन, २०६३ बमोजिम विधिवत दर्ता भई काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.२९, कालिकास्थान रजिष्टर्ड कार्यालय रहेको एशियन कंक्रीटो लिमिटेड (यस पछि **कम्पनी** भनिएको) को तर्फबाट अख्तियारी प्राप्त आधिकारिक हस्ताक्षरकर्ता कम्पनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक श्री मनिष रुङ्गटा, **(प्रथम पक्ष),**

र

कम्पनी ऐन, २०६३ बमोजिम विधिवत दर्ता भई नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी धितोपत्र व्यवसायी ( मर्चेन्ट बैंकर) नियमावली, २०६४ बमोजिम संचालन भई, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नम्बर १ रजिष्टर्ड कार्यालय रहेको नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड (एन.आई) का तर्फबाट आधिकारिक हस्ताक्षरकर्ता प्रमुख कार्यकारी अधिकृत श्री मनिष नारायण जोशी, **(द्वितिय पक्ष)**

उल्लेखित द्वितिय पक्षलाई **"निष्काशन तथा बिक्री प्रबन्धक"** भनिएको

कम्पनीले जारी पूँजी ४६,८७,५०,०००।०० (अक्षरेपी छयालिस करोड सतासी लाख पचास हजाररुपैयाँ मात्र) को २० प्रतिशतले हुन आउने रु. १००/- अंकित दरको रु. ९,३७,५०,०००।०० (अक्षरेपी नौ करोड सैंतिस लाख पचास हजार रुपैयाँ मात्र) रकम बराबरको ९,३७,५०० कित्ता साधारण शेयर प्रति शेयर रु. १००/- अंकित दरमा प्रचलित धितोपत्र सम्बन्धि नियमावली तथा निर्देशिकाहरुमा भएको व्यवस्था बमोजिम मूल्यांकन गराई मूल्यांकनबाट कायम हुन आउने प्रिमियम वापतको रकम थप गरी प्रिमियम सहित प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड सम्बन्धि नियमावली तथा निर्देशिकाहरुमा भएको व्यवस्था बमोजिम कम्पनीमा कार्यरत कर्मचारीहरु, स्थानीय बासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपालीहरु, सामूहिक लगानी कोषहरु तथा सर्बसाधारणहरुका लागि छुट्याइएका साधारण शेयरहरु निष्काशन गर्नका लागि यस सम्झौताका हामी दुबै पक्षहरु देहायका शर्तहरूको अधिनमा रही आ-आफनो जिम्मेवारी तथा उत्तरदायित्व वहन गर्न मञ्जुर गर्दछौं ।

**सम्झौताको शर्तहरु :**

१) कम्पनीले निकट भविष्यमा सर्वसाधारणहरुमा निष्काशन गर्न लागेको (आयोजना प्रभावित क्षेत्र, बैदेशिक रोजगारीमा रहेका नेपालीहरु तथा कर्मचारी सहित) एशियन कंक्रीटो लिमिटेडको साधारण शेयरहरुको व्यवस्थापन गर्न नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडलाई निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गरेको छ ।

२) यस सम्झौताको एकप्रति हस्ताक्षर भएको सात दिन भित्र कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धक ले आ– आफ्नो तर्फबाट नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनेछ ।

३) निष्काशन तथा बिक्री प्रबन्धकले स्थानीय बासिन्दा तथा कर्मचारीहरुलाई, वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई, सामूहिक लगानी कोषहरु तथा आम सर्वसाधारणहरुका लागि प्रति शेयर अंकित मूल्य रु १००/- मा मूल्यांकनबाट प्रिमियम बापतको रकम थप गरी हुन आउने जम्मा शेयर कित्ता ९,३७,५००।०० को प्रिमियम सहितको साधारण शेयरहरु सर्वसाधारणमा निष्काशन गर्ने दायित्व निर्वाह गर्नेछ ।

४) निष्काशन तथा बिक्री प्रबन्धकले कम्पनीसँगको सल्लाह र सहमतिबाट विवरणपत्रको डिजाइन र प्रकाशनका लागि आवश्यक सबै व्यवस्था गराई अन्तिम रुप दिई नेपाल धितोपत्र बोर्डमा धितोपत्र दर्ता र विवरण पत्र स्वीकृत गराउने तथा उक्त स्वीकृत विवरण पत्र कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्नुपर्नेछ । सोका लागि कम्पनीले आवश्यक सहयोग गर्नेछ । निष्काशन तथा विक्री प्रबन्धकले कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा गर्नुपर्ने संशोधन तथा सर्वसाधारणलाई निष्काशन तथा बिक्री गरिने शेयर सम्वन्धमा कम्पनीले गर्नुपर्ने निणर्यहरुको बारेमा सल्लाह दिनेछ ।

५)	निष्काशन तथा बिक्री प्रबन्धकले निष्काशनसंग सम्बन्धित बिभिन्न कार्यहरु जस्तै आब्हानपत्र प्रकाशन गर्ने, निष्काशन खोल्ने र बन्द गर्ने बिषय, शेयर बाँडफाँट गर्ने कार्य, लगायतका जानकारीहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने व्यवस्था गर्नेछ । कम्पनीको नाममा प्रकाशित हुने सूचनाहरु जारी गर्न निष्काशन तथा बिक्री प्रबन्धकलाई यसै सम्झौताद्वारा कम्पनीले अख्तियारी प्रदान गरेको छ ।

६)	कम्पनी र निष्काशन तथा बिक्री प्रबन्धकले शेयर निष्काशन सम्बन्धि सम्पूर्ण निर्णयहरु आवश्यकता अनुसार संयुक्त रुपमा गर्नेछन् ।

७)	निष्काशन तथा बिक्री प्रबन्धकले कम्पनीको सहमतीमा निष्काशनको क्षेत्र फराकिलो पार्नको निमित्त आवश्यकता अनुसार आवेदन फारामको वितरण तथा सोको रकम संकलन व्यवस्थापन गर्न वित्तीय संस्थासंग सहकार्य गरी वित्तीय संस्थाको अलावा इजाजतप्राप्त मर्चेन्ट बैंक वा अन्य इजाजतप्राप्त संस्थाहरुलाई संकलन केन्द्र नियुक्त गर्न सक्नेछ । संकलित रकम निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको निष्काशन बैंकमा जम्मा गर्नको लागि निष्काशन तथा बिक्री प्रबन्धकले चाहिएको बखतमा आफ्नो नाममा बैंक खाता खोल्नेछ ।

८)	कम्पनीले आवश्यक ठानेमा विद्यमान नियमावलीको अधिनमा रही निष्काशन तथा बिक्री प्रबन्धकले लगानीकर्ताको भेला, पत्रकार सम्मेलन तथा अन्य सञ्चार गतिविधि समेत गर्नसक्नेछ । कम्पनीले त्यस्ता सम्पूर्ण गतिविधिमा भएको खर्च लागतको आधारमा ब्यहोर्नेछ ।

९)	निष्काशन तथा बिक्री प्रबन्धकले शेयरको बाँडफाँट नेपाल धितोपत्र बोर्डले तोकिदिएको समयावधिभित्र पूरा गर्नेछ, शेयर वापतको पूंजी कोष कम्पनीलाई आयोजना प्रभावित क्षेत्रको निष्काशनको हकमा बाँडफाँट पूराभए पश्चात् संकलन केन्द्रबाट रकम प्राप्त भएको तीन कार्य दिन भित्र प्रदान गर्नेछ तथा सर्वसाधारणको हकमा बाँडफाँट पूरा भए पश्चात् आश्वा सदस्य बैंक तथा वित्तीय संस्थाबाट प्राप्त भए पश्चात् प्रदान गर्नेछ।

१०)	निष्काशन तथा बिक्री प्रबन्धकले लगानीकर्ताहरुको डिम्याटमा पठाउन नसकिएको शेयरको बिवरण र अन्य कागजातहरु, शेयरधनी लागत विद्युतीय प्रति (प्रचलित Software, MS EXCEL तथा pdf) र फिर्ता भुक्तानी हुन बांकी जम्मा रकम हिसाब मिलान गरी शेयर बाँडफाँड भएको मितिले ४५ दिनभित्र कम्पनीलाई वा कम्पनीको निर्देशनमा कम्पनीको शेयर रजिष्ट्रारलाई हस्तान्तरण गर्नेछ जस पश्चात् निष्काशन कार्य समापन भएको मानिनेछ । शेयर प्रमाणपत्र पिन्ट गर्नुपर्ने अवस्था आएमा प्रिन्ट गरेवापतको लाग्ने खर्च आपसी सहमतिमा तय गरिनेछ।

११)	कम्पनीले शेयर सूचीकरण तथा अभौतिक रुपमा शेयर प्रदान गर्ने निवेदनपत्र लगायत अन्य कागजात निष्काशन तथा बिक्री प्रबन्धकले दिएको राय बमोजिम नेपाल धितोपत्र बोर्ड बाट विवरणपत्र स्विकृत भएको ७ कार्य दिन भित्र नेपाल स्टक एक्सचेन्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा नेपाल धितोपत्र बोर्डलाई बोधार्थ दिई दिनेछ ।

१२)	यदी यस सम्झौतामा उल्लेखित निष्काशन तथा बिक्री प्रबन्धकको कार्य क्षेत्र प्रचलित नियम कानूनमा हुनसक्ने परिवर्तनका कारणले थप दायित्व वहन गर्नुपर्ने अवस्था आएमा सो को उत्तरदायी दुवै पक्ष हुनेगरी सोसंगको सल्लाह र सहमतिमा हुनेछ जसको लागि छुट्टै दस्तुर दुवै पक्षको सहमतिको आधारमा कार्यान्वयन गरिनेछ । यद्यपी नियामकीय शुल्कहरुमा परिवर्तन भएमा वा आएमा भने सो शुल्कहरुको भुक्तानी गर्नुपर्ने दायित्व भने पूर्ण रुपमा निष्काशन कम्पनीको हुनेछ ।

१३)	कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धकको अनुरोध बमोजिम आवश्यकता अनुसार सम्पूर्ण जानकारी तथा निष्काशनसंग सम्बन्धित बिवरणहरु सत्य तथ्य र यथार्थ रुपमा प्रमाणित कागजातहरु उपलब्ध गराउनुपर्नेछ

। यसरी दिइएको जानकारी तथा कागजातहरु कथंकदाचित असत्य, भ्रामक र बहुअर्थी भई निष्काशन तथा बिक्री प्रबन्धकलाई हानी नोक्सानी हुन पुगेमा त्यस्तो क्षतिपुर्तिको सुरक्षण निष्काशन कम्पनीले गर्नुपर्नेछ। निष्काशनको दौरानमा कम्पनीले लगानीकर्ताको निर्णयलाई असर पार्ने गतिविधि जस्तै बार्षिक साधारण सभा/विशेष साधारण सभा र प्रबन्धपत्र र नियमावलीमा भएका व्यवस्थाको संशोधन लगायतको विषय आदि गर्न चाहेमा कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धकको सल्लाहमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति लिएरमात्र विवरणपत्र, आव्हान पत्र जस्ता कागजातहरुमा आवश्यक संशोधन हुने गरी गर्न सक्नेछ।

१४) दुबै पक्ष नेपाल धितोपत्र बोर्ड लगायतका नियामक निकायको नियम/निर्देशन बमोजिम शेयर निष्काशन व्यवस्थापन गर्न गराउन सहमत छन्। कुनै पक्षले सोको पालना नगरी वा यस सम्झौताका बन्देजहरु पालना नगरी अर्को पक्षलाई मौद्रिक वा अन्य दायित्व सिर्जना भएमा सम्बन्धित पक्षले नै सो को क्षतिपूर्ति ब्येहोर्नु पर्नेछ।

१५) कम्पनीले शेयर निष्काशन तथा बिक्री प्रबन्धकको सेवा प्राप्त गरे बापत निष्काशन तथा बिक्री प्रबन्धकलाई निष्काशन तथा बिक्री प्रबन्धक शूल्क संलग्न अनुसूची १ बमोजिम भुक्तान गर्नुपर्नेछ। यसरी भुक्तानी गर्नुपर्ने रकमको सत्प्रतिशत रकम (१००%) पछि फिर्ता नहुनेगरी यो सम्झौतापत्रमा हस्ताक्षर भएको मितिले ७ (सात) दिनभित्र आवश्यक करकट्टी गरी भुक्तानी गर्नुपर्नेछ । यसको अलावा स्थानीय बासिन्दा तथा सर्वसाधारणमा जारी गरिने शेयरका लागि प्रकाशन गर्नुपर्ने बिवरण पत्र, स्थानीय संकलन केन्द्रहरुलाई दरखास्त फारम संकलन गरेवापत बुझाउनु पर्ने कमिशन रकम कम्पनीले लागतको आधारमा व्यहोर्ने छ।

१६) कथंकदाचित यस सम्झौता बमोजिम कम्पनीले सर्वसाधारणका लागि जारी गर्न लागिएको शेयरहरुको सार्वजनिक निष्काशन नगर्ने वा हुन नसक्ने भएमा निष्काशन कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धकलाई भुक्तान भैसकेको शुल्क फिर्ता नहुने गरी आपसी पत्राचारको आधारमा यो सम्झौता रद्द गर्न सकिनेछ। उक्त पत्रको बोधार्थ प्रति दुवै पक्षले नेपाल धितोपत्र बोर्ड लगाएतका नियमनकारी निकायहरुलाई समेत दिनु पर्नेछ।

१७) विषयगत शुल्कको दर अनुसूची १ बमोजिम हुनेछ। निष्काशन तथा बिक्री प्रबन्धकले निष्काशनसंग सम्बन्धित कुनै बिषयको सन्दर्भमा कम्पनीसंगको पूर्व छलफल/सहमति अनुरुप रकम खर्च गरेको अवस्थामा सो दाबी गरिएको १५ दिनभित्रमा लागतको आधारमा निष्काशन कम्पनीले सो रकम भुक्तानी गर्नेछ।

१८) स्थानिय बासिन्दाको लागि निष्काशन गर्दा संकलन केन्द्रहरुमा खटिने कर्मचारीहरुको दैनिक भ्रमण भत्ता तथा सो अवधिमा खटाइएका कर्मचारीहरुलाई लाग्ने अन्य सम्पूर्ण खर्चहरु निष्काशन कम्पनीले लागतको आधारमा व्यहोर्ने छ।

१९) शेयर निष्काशन व्यवस्थापन सम्बन्धि बैद्यानिक खर्चहरु, संकलन केन्द्रहरुलाई बुझाउनुपर्ने कमिशन रकमहरु र स्थानिय संकलन केन्द्रहरुबाट प्राप्त दरखास्त फारमहरुको प्रशोधन शुल्क निष्काशन कम्पनीले लागतको आधारमा ब्यहोर्नेछ।

२०) दुबै पक्षको सहमतिबाट सम्झौताका शर्तहरु परिवर्तन गर्न सकिनेछ र यसरी परिवर्तित भई कायम भएको बुँदापनि यसै सम्झौताको अभिन्न अंग मानिनेछ।

२१) यो सम्झौतापत्रको व्याख्यामा कुनै विवाद वा विभेद उत्पन्न भएमा आपसी सहमतिबाट समाधान गरिनेछ। यदि मध्यस्थकर्ताको आवश्यक परेमा एकआपसबाट स्वीकार गरिएका मध्यस्थकर्ता नियुक्त गरिनेछ जसको निर्णय दुवै पक्षका लागि अन्तिम र वाध्यकारी हुनेछ। कम्पनी र निष्काशन तथा बिक्री प्रबर्धकले समान अनुपातमा मध्यस्थकर्तासम्बन्धी सबै खर्चहरू संयुक्त रुपमा बेहोर्नेछन्।

२२) मूलुकी देवानी संहिता २०७४ र अन्य प्रचलित नेपालको कानून बमोजिम यस सम्झौतापत्रको व्याख्या हुनेछ।

२३) यस सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र उल्लेखित मितिदेखि निष्काशन कार्य सम्पन्न नभएसम्मका लागि कायम रहनेछ । यद्यपी दुवैपक्षको आपसी सहमतिको आधारमा पत्रको आपसी आदान प्रदानबाट सम्झौता लागू हुने अवधि तोक्न सकिनेछ । तर यस सम्झौता अर्न्तगत भए गरेका कार्यहरुको उपचारको हक भने सम्झौता समाप्त भएपछि समेत जिवित रहनेछ ।

२४) निष्काशन कार्य समाप्त भएपश्चात् निष्काशन कम्पनीको शेयरधनीहरुलाई दिने शेयर रजिष्ट्रा सम्बन्धि सेवा प्रदान गर्न निष्काशन तथा बिक्री प्रबन्धक मञ्जुर गर्दछ । यसका लागि आवश्यक शुल्क तोकी शेयर रजिष्ट्रा सम्बन्धि सम्झौता गरिने छ । शेयर रजिष्ट्रारले धितोपत्रहरुको सूचिकरण गराउने, सिडिएस एण्ड क्लियरिंग लिमिटेडमा दैनिक कारोवार गराउने व्यवस्था मिलाउने, शेयरधनीहरुको अभिलेख राख्ने लगाएतका काम गर्नेछ । यसका लागि अनुसूचि १ बमोजिमको शुल्कहरु तथा अन्य खर्चहरु कम्पनीले लागतको आधारमा निष्काशन कम्पनीले व्यहोर्नेछ ।

२५) दुवै पक्षले यस सम्झौता पत्रको पूर्ण अध्ययन गरी, परस्पर सहमत भई यो सम्झौता असल नियतकासाथ पुरा गर्ने मनशायले तपसिलका साक्षीहरुका रोहवरमा मिति २०८१।०८।२१ गतेका दिन हस्ताक्षर गरी एक/एक प्रति लियौंदियौं ।

| **निष्काशन कम्पनीको तर्फबाट** | **निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट** |
|---|---|
| ............................<br>श्री मनिष रुङ्गटा<br>अध्यक्ष तथा प्रबन्ध निर्देशक<br>एशियन कंक्रीटो लिमिटेड | ............................<br>श्री मनिष नारायण जोशी<br>प्रमुख कार्यकारी अधिकृत<br>नबिल इन्भेष्टमेण्ट बैंकिंग लिमिटेड |
| **साक्षी**<br><br>............................<br>श्री | **साक्षी**<br><br>............................<br>श्री |

**इति सम्वत २०८१ साल मंसिर महिना २१ गते ०६ रोज शुभम ।**

**Asian Concreto Ltd.**

**Expenses incurred during the IPO of AC. (20%)**

**Annexure-I**

| S.No. | | Details | Rate | Total Fee | Remarks |
|---|---|---|---|---|---|
| 1 | | **Fees to Securities Board of Nepal (SEBON)** | | | |
| | a. | Securities Registration Fee | 0.20% | 937,500.00 | Statutory & as per Actual. 0.2% |
| | b. | Application Fees | 25,000.00 | 25,000.00 | Statutory & as per Actual. |
| | C. | Propectus Processing Fee | 20,000.00 | 20,000.00 | Statutory & as per Actual. |
| | | **Total** | | **982,500.00** | |
| 2 | | **Fees to CDSC, ICRA and NEPSE** | | | |
| | **i.** | **CDSC** | | | |
| | a. | Registration fees payable to CDSC | 0.050% | 234,375.00 | Statutory & as per Actual. 0.050% of Paid up or NPR 150,000 (whichever is higher) |
| | b. | CDSC Annual Fee | | 100,000.00 | Statutory & as per Actual |
| | c. | Allotment Charge (Rs/allottee) | 1 | 93,750.00 | Statutory & as per Actual |
| | d. | IPO Processsing Fee (Rs/allottee) | 5 | 468,750.00 | Statutory & as per Actual |
| | e. | Verification Charge (Rs/allottee) | 1 | 93,750.00 | Statutory & as per Actual |
| | | **Total** | | **990,625.00** | |
| | **ii.** | **NEPSE** | | | |
| | a. | Listing Fees payable to NEPSE | 0.10% | 468,750.00 | Statutory & as per Actual. 0.10% of Paid up or NPR 150,000 (whichever is higher) |
| | b. | NEPSE Application Processing Fee | | 15,000.00 | Statutory & as per Actual |
| | c. | Annual Fee | | 50,000.00 | Statutory & as per Actual |
| | | **Total** | | **533,750.00** | |
| | **iii.** | **ICRA** | | | |
| | c. | Credit Rating Fee | | 150,000.00 | Tentative Credit Rating Company Charge. (To be borne on actuals) |
| | | **Total** | | **150,000.00** | |
| 3 | | **Charges to Media and Printing Agency (Tentaive Cost)** | | | |
| | a. | Announcement Notice (Full Page coverage) - 2 times | 100000 | 200,000.00 | Tentative cost. As per actual. |
| | b. | Issue Opening Notice- 2 times | 35000 | 70,000.00 | Tentative cost. As per actual. |
| | c. | Issue Closure Notice - 2 times | 35000 | 70,000.00 | Tentative cost. As per actual. |
| | d. | Allotment Notice-2 times | 15000 | 30,000.00 | Tentative cost. As per actual. |
| | e. | Prospectus printing (per pcs.)-2 times | 100 | 10,000.00 | Tentative cost. As per actual. |
| | | **Total** | | **380,000.00** | |
| 4 | | **Fees to Nabil Investment Banking Limited and Underwriter** | | | |
| | a. | Issue Management Fee. | | 500,000.00 | |
| | b. | Underwriting Fee* | | 468,750.00 | Maximum upto 4% (Calculated on assumption of 0.5%) |
| | | **Total** | | **968,750.00** | |
| 5 | | **Other Miscellaneous Charges** | | | |
| | a. | Allowances to Allotment Committee Members(Per member) | 5,000.00 | 60,000.00 | Tentative cost. As per actual. |
| | b. | Software Customization Charge to PCS | | 35,000.00 | Foreign (Before VAT). As per Actual within 5 lakh application |
| | c. | Software Customization Charge to PCS for Allotment | | 126,000.00 | Public (Before VAT). (More than 5 Lakh application/ To be borne by company).35000+10 paisa per application. 14.10 lakh application assumed. |
| | d. | Software Charge to CDSC - 2 times to CDS | 20,000.00 | 60,000.00 | |
| | | **Total** | | **281,000.00** | |
| | | **Grand Total** | | **4,286,625.00** | |
| | | | Total issue public | 93,750,000.00 | |

*** Underwriting charges are maximum upto 4% (with current practice calculated on assumption of 0.5%)**